नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७४।०६।२४

## प्रेस विज्ञप्ति

नेपालीहरुको महान चाड तिहार २०७४ को अवसरमा देउसी तथा भैलो लगायतका विभिन्न सांस्कृतिक कार्यक्रमहरु रातको समयमा गर्दा अवान्छित गतिविधिमा संलग्न व्यक्तिहरुले शान्ति सुरक्षामा प्रतिकूल असर पु-याउन सक्ने हुँदा सुरक्षालाई दृष्टिगत गरी देउसी भैलो लगायतका सांस्कृतिक कार्यक्रमहरु राती २२.०० वजे सम्म मात्र गर्न गृह मन्त्रालय सम्वन्धित सवैमा हार्दिक अनुरोध गर्दछ ।

साथै तिहार र छठ जस्ता पर्वहरुमा भूइचम्पा,पटाका र आतिसवाजी जस्ता विष्फोटक पदार्थको प्रयोगवाट सर्वसाधारण जनताको स्वास्थ्य तथा सुरक्षामा प्रतिकूल असर पर्न जाने, चोटपटक लाग्ने तथा आगलागी भई जनधनको क्षति हुन सक्ने भएकोले तिहार तथा छठ पर्वहरुको अवसरमा त्यस्ता विष्फोटक पदार्थहरुको उत्पादन, आयात, निर्यात, विक्री वितरण, ओसार पसार तथा प्रयोग नगर्न र आ-आफ्ना वालवालिकाहरुलाई भूइचम्पा, पटका र आतिसवाजी जस्ता प्रज्वलनशील पदार्थको प्रयोग गर्न नदिन गृह मन्त्रालय सवैमा हार्दिक अनुरोध गर्दछ । यदि कसैले यस विपरित कार्य गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

२०७४।६।२४

(झंकनाथ ढकाल)
सहायक प्रवक्ता